# नेपाल ख्रीष्टियन हेराल्ड
# NEPAL CHRISTIAN HERALD




**राष्ट्र, राष्ट्रियता, आत्मिक जागृतिमा समर्पित इसाई क्षेत्रको सच्चा पहरेदार**

Volume 19 No 1 Monthly International Edition of Herald of His Coming January 2018

वर्ष १९, अङ्क १ हेराल्ड अफ हिज कमिङको अन्तर्राष्ट्रिय सम्पादन (माघ, २०७४)


# प्रभावशाली प्रार्थना

## Effective Prayer

**By Anne Graham Lotz**

Vol 76 No. 10 (910)

यो वासिङ्टनको राष्ट्रिय प्रार्थनाको दिनमा प्रचार गरिएको वचन हो । (May 4 2017)

परमेश्वर पिता हामी तपाइँको अगाडि घुँडा टेक्छौं । हामीले हृदयदेखि प्रार्थना गर्दै तपाइँको अनुहार देख्न चाहन्छौं । हामी आफै नम्र हुन्छौं र हामी पश्चाताप गर्दछौं किनकि परमेश्वर पिता तपाइँ जो स्वर्गमा बस्नुहुन्छ, हामी तपाइँलाई हामीतिर फर्काउन चाहन्छौं, हामीलाई सुन्न भएको होस् र हाम्रो पाप क्षमा गर्नुभएको होस् र हाम्रो राष्ट्रलाई बचाउनुहोस् । हामीलाई तपाइँको शान्ति चाहिएको छ र आशिष चाहिएको छ, साथै तपाइँको उपस्थिति हाम्रो बीचमा भएको चाहन्छौं र यो ठाउँमा तपाइँले राज्य गर्नु भएको होस् । तपाइँ हाम्रो बीचमा हामीसँग हुनु भएको होस् तपाइँको महिमा हाम्रो बीचमा रहेको होस् । तपाइँ आफ्नो वचनद्वारा हाम्रो बीचमा बोल्नु भएको होस् येशूको नाउँमा आमेन् ।

हाम्रो राज्य दुःख छैन, म विश्वास गर्दछु कि परमेश्वरले हाम्रो राष्ट्रलाई आशिष दिनुभएको छ तर मानिसले यसलाई वेवास्ता गरेको कारण उहाँ हामीदेखि टाढा भएको हामीलाई महसुस हुन्छ । यदि हामीले उहाँलाइ पछ्यायौं भने उहाँले घरिघरि चेतावनी दिनु हुन्छ र हामीलाई आफ्नो नजिकतामा राख्नु हुन्छ । आज म आत्मिकी खुराकको बारेमा प्रचार गर्न गइरहेको छु । कुरा यही हो कि जतिलाई परमेश्वरले आफ्नो नाउँ दिएर बोलाउनुभएको छ, तिनीहरूले आफैलाई नम्र पारेर उहाँलाई खोज्छन् र आफ्नो मुहार उहाँतिर फर्काउँदछन् यो नै हाम्रो राष्ट्रलाई उहाँतिर फर्काउने चाबी हो ।

म विश्वास गर्दछु कि यो परमेश्वरका मानिसको हृदयबाट परिवर्तन हुनुपर्छ । म प्रभावशाली तरिका बताउने छु । मैले अमेरिकामा प्रार्थनामा धेरै कमजोर मानिस देखेको छु । तर परमेश्वरले धेरै टाढाबाट मलाई यस ठाउमा ल्याउनुभएको छ । जसरी दानिएलले आफ्नो राष्ट्रको निम्ति प्रार्थना गरेत्यस्तै प्रार्थना अमेरिकाको निम्ति पनि चाहिएको छ ।

**१. प्रार्थनाको निम्ति बोलाइएको-** दानिएल यरुशलेममा जन्मेर हुर्केका थिए । उनी बेबिलोन पुग्दा जवान थिए र परमेश्वरको आज्ञा पालन गरेका थिए । दोस्रो राजा अनुसार नवुकदनेसर र बेबिलोन र यहूदाको न्याय भएको थियो किनकि उनीहरूको झगडाको कारण परमेश्वरप्रति अनाज्ञाकारी भएको कारण बेबिलोनीहरूले यहूदाका मानिसलाई आफ्नो कब्जामा लिएका थिए, त्यो समयमा २०० जवानहरूलाई लागिएको थियो त्यसमा दानिएल पनि थिए । ६७ वर्षको दासत्वको समयमा दानिएलले यसरी प्रार्थना गरे (दानिएल ९ अध्यायमा) उसले यर्मियाको किताबलाई पढेको कारण उनको यसरी प्रार्थना गरे । उनले सत्तरी वर्ष पछि फेरि यहूदीहरूलाई यरुशलेममा फिर्ता ल्याउनु हुनेछ "परम प्रभु यसो भन्नुहुन्छ, बेबिलोनको निम्ति ७० वर्ष पूरा भएपछि म तिमीहरू कहाँ

आउनेछु र तिमीहरूलाई यस ठाउँमा फर्काएर ल्याउनेछु भनी मेरो कृपालु प्रतिज्ञा म पूरा गर्नेछु। किनभने जुन योजनाहरू मैले तिमीहरूका निम्ति बनाएको छ, ती म जान्दछु परमप्रभु भन्नुहुन्छ। ती तिमीहरूका निम्ति उन्नतिका निम्ति हुन नोक्सानीको निम्ति होइनन्, तिमीहरूलाई आशा र भविष्य दिनलाई तब तिमीहरू म कहाँ आउने छौं र मलाई प्रार्थना गर्नेछौं र म तिमीहरूको प्रार्थना ध्यानसित सुन्नेछु। जब तिमीहरूले आफ्नो सारा हृदयले मलाई खोज्नेछौं। तब तिमीहरूले मलाई खोजेर पाउने छौं।" (यर्मिया २९ : १० - १३) दानिएलले धर्मशास्त्र पढेका थिए र परमेश्वरले सत्तरी वर्ष पछि दासत्वबाट मुक्त हुने कुरा बोल्नु भएको प्रतिज्ञालाई याद गरेका थिए र सबैलाई परमेश्वरतिर फर्कन भनेका थिए।

त्यसैले दानिएलले यस्तो प्रार्थना गरे। यो भावनात्मक थिएन यो शारीरिक वास्ताको कुरा पनि थिएन तर यो हृदय टुटाएर प्रार्थना गरेका थिए। उनले वेदनामा प्रार्थना गरेका थिए। उनले परमेश्वरको वचन याद गर्दै पूर्णरूपले प्रार्थना गरे। दानिएलले बेबिलोन कैद गरेर लगिएका थिए, त्यो समयमा उनले दुःखसाथ प्रार्थना गरे, दानिएल कैदमा हुँदा नै फेरि नबुकदनेसर राजाले तेस्रो पटक पनि यहूदाका मानिसलाई कैद गरेर ल्याएका थिए। यो २० वर्ष पछि थियो। नबुकदनेसरले सहरको पर्खाल भत्काइदिएका थिए र मन्दिरलाई विनाश गरेका थिए आगोले सम्पूर्ण सहरलाई नै खतम बनाइदिए र छोडिएकाहरूलाई पनि कैद गरेर लगेका थिए। यरुशलेम र त्यसका सहर केही पनि बाँकी थिएनन्। त्यसकारण दानिएल ६७ वर्षपछि कैदमा परेकालाई देखेर उनले वेदनाले पूर्ण प्रार्थना गरे। उनले भने पिता तपाईँले ७० वर्षपछि हामीलाई छुटाउछु भन्नु भएको छ। त्यसैले हामीलाई यरुशलेमको मन्दिर फेरि बनाउनको निम्ति पठाउनु होस् प्रार्थना गरे। उनले परमेश्वरले गरेको प्रतिज्ञालाई यस संसारमा पूरा हुने कुरालाई प्रार्थना गर्दछन्।

मलाई लाग्दछ, त्यो नै अर्थपूर्ण प्रार्थना हुन सक्छ। हामीले हाम्रो संसारको समस्यालाई हेर्दछौं, रिसाउँदछौं, डाहा गर्दछौं, यस्तै अरू धेरै हुन्छन्। हामीले त्यसलाई परमेश्वरको प्रतिज्ञासँग दाज्दछौं। हामीसँग एकदमै नजिकको वा सधैं प्रयोगमा ल्याउने प्रतिज्ञा २ इतिहास ७ : १४ लाई हाम्रो बारम्बार प्रयोग ल्याइरहन्छौं र सम्झना गरिरहेका हुन्छौं। त्यहाँ यसरी लेखिएको छ, "यदि मेरो आफ्नै नाउ दिएको मेरो प्रजाले आफैलाई नम्र पारेर प्रार्थना गर्छ र मलाई खोजेर आफ्ना दुष्ट चालहरूबाट फर्कन्छ, तब म स्वर्गबाट तिनीहरूको प्रार्थना सुन्नेछु र तिनीहरूका पाप क्षमा गर्नेछु र तिनीहरूको देशलाई म स्वस्थ पार्नेछु।" (२ इतिहास ७ : १४) तपाइँलाई थाहा छ हामीले हाम्रो औँलालाई त्यस ठाउँमा सधैँ देखाइरहेका हुन्छौं। त्यसैले गर्न सजिलो छ तर परमेश्वरले तपाइँ र मलाई हेरिरहनुभएको छ, यदि हामी हाम्रा दुष्ट चालबाट फर्क्यौं भने मात्र उहाँले हामीलाई सुन्नु हुनेछ। दानिएलले प्रभुको वचनलाई समातिरहेका थिए। यहाँ यही कुराको फरक हामीले देख्न सक्छौं। हामीले प्रार्थना त गर्दछौं कि कतिचोटि हामी के सोचेका छौं, के आशा गरेका छौं र के चाहन्छौं, त्यसै अनुसार तर कहिल्यै पनि परमेश्वरले हामीसँग उहाँको वचनद्वारा हामीलाई के प्रतिज्ञा गर्नुभएको छ त्यो ख्याल गरिरहेका हुँदैनौं। उहाँको वचन अनुसार हिँड्नेलाई उहाँले प्रेम गर्नुहुन्छ र उहाँको प्रतिज्ञा पूरा गर्नु हुन्छ।

**२. प्रभु केन्द्रविन्दु भएको प्रार्थना -** दोस्रो चाबीचाहिँ प्रभु नै प्रार्थनाको केन्द्रविन्दु हुनुपर्छ, दानिएलले भने, "यसकारण म उपवाससाथ भाङ्ग्रा ओढेर खरानी घसी प्रार्थना र अन्तर बिन्ती गर्दै परमप्रभु परमेश्वरतिर फर्के।" (दानिएल ९ : ३) त्यो नै प्रभुलाई केन्द्रविन्दु बनाएको हो। यसले सधैं मानिसलाई प्रभुतिर फर्काउँदछ। उपवास बस्नुस्, तपाईँलाई थाहा छ, उपवास भनेको खाना नखानु मात्र होइन। उपवास भनेको सबैथोक छोडेर परमेश्वरतिर नजिकिनु हो। हाम्रा सबै काम समय इच्छाहरू परमेश्वरलाई दिनु नै उपवास हो। यसले हामीलाई आफैले आफैलाई नम्र पार्न सजिलो बनाउँदछ। हामी भन्दछौं "परमेश्वर हामीलाई तपाइँको खाँचो छ।" यदि हामी कसैलाई सहायता गर्दैनौं भने हामी पनि परमेश्वरबाट सहायता पाउन सक्दैनौं। यदि हामीले हाम्रा मानिसको बीचमा जागृति ल्याउन सकेनौं भने हाम्रो राष्ट्रमा जागृति आउन सक्दैन। यदि हामी परमेश्वरको न्यायमा पर्‍यौं भने हामीलाई तपाइँको खाँचो हुन्छ। दानिएलको प्रार्थना प्रभु केन्द्रित थियो। उनले एकदमै सुमधुर भाषामा प्रार्थना गर्न चाहन्थे। उनी आफैले आफैलाई प्रार्थनामा रित्याएका थिए र परमेश्वरलाई खोजिरहेका थिए।

तपाइँको प्रार्थनामा रित्याएका थिए र परमेश्वरलाई खोजिरहेका थिए । तपाइँको प्रार्थनामा कति खीष्ट केन्द्रित हुनु भएको छ ? के तपाइँको विश्वासले परमेश्वरको नजरलाई तपाइँतिर आकर्षित गरेको छ ? दानिएलले बढीभन्दा बढी समय प्रार्थनामा बिताए उहाँसँग रोए र आफ्नो अनुहार खीष्टतिर फर्काए । तपाइँले कहिल्यै त्यसरी दानिएलले जस्तो प्रार्थना गर्नुभएको छ । के तपाइँले कहिल्यै यस्तो गरी प्रार्थना गर्नुभएको छ ? यदि छैन भने आज नै आफ्नो प्रार्थनामा खीष्ट केन्द्रित बनाएर सुरु गर्नुहोस्, प्रभुले तपाइँलाई आशिष दिनु हुनेछ ।

**३. परमेश्वरसँग असल सम्बन्ध भएको ढुक्क हुनुपर्छ -** तेस्रो चाबी सक्रिय प्रार्थनाको निम्ति परमेश्वरसँगको असल सम्बन्ध हो । दानिएलले भने, “मैले पाप स्वीकार गर्दै परमप्रभु मेरा परमेश्वरलाई प्रार्थना गरे ।” (दानिएल ९:४) दानिएललाई परमेश्वरसँगको सम्बन्धको बारेमा निर्धक्क थियो । उनी एउटा यहूदी केटा भएकाले परमेश्वरलाई मन पर्ने बलिहरू सबै थाहा थियो । परमेश्वरले मानिसको बीचमा राखेको करारलाई याद गरेका थिए । यदि नयाँ करारमा आएर हेर्दा येशू क्रूसमा जानुभन्दा पहिले भन्नुभयो, अब म नयाँ करार सुरु गर्ने छु, उहाँ पुरानो करारलाई रद्द गर्न होइन र त्यसलाई पूरा गर्न येशू आउनुभयो र उहाँले भन्नुभयो यो नयाँ करारको उहाँको रगतको समता हो, अक्सर गरेर गर्ने गर ।

**निस्तार चाहको समयमा -** प्रभुले मोशालाई भन्नुभयो इस्राएलीहरूलाई फारोको हातबाट छुटकारा दिनको निम्ति पठाउनु भयो, फारोले मोशाको अनुरोधलाई दश पटकसम्म अस्वीकार गरे, त्यसपछि अन्त्यमा परमेश्वरले फारो राजा र सबै प्रजाहरूको बीचमा दश प्रकारका महामारी रोगहरू पठाइदिनेछु । अन्त्यमा मिश्रमा जन्मेका ज्येष्ठ पुत्रलाई मारिदिनु भयो, साथै जनावरलाई पनि त्यसैले परमेश्वरले आफ्नो क्रोध देखाउनु भयो । इस्राएलीलाई भन्नुभयो एउटा थुमाको रगतले जुन ढोकामा लगाइने छ त्यो घर म बचाउनेछु । जुन जुन घरमा थुमाको रगतले कोरेको थियो, त्यो घरलाई प्रभुले बचाउनु भयो- अरू सबै घर खतम बनाउनु भएपछि फारोले भने इस्राइलीलाई लिएर जा मोशा भनेर अनुमती दिए त्यसपछि उनीहरूले छुटकारा पाए । जसरी थुमाको रगतले छोएको घर प्रभुको क्रोध देखी बाँचेको थियो, त्यसरी अहिले खीष्टको रगतद्वारा हामी सबै उहाँमा विश्वास गर्नेहरू छुटकारा पाउनेछौँ र पापको बन्धनदेखि स्वतन्त्र हुनेछौँ ।

नयाँ करारमा बप्तिस्मा दिने यूहन्नाले येशू यर्दन नदी पारि जानुहुँदा भनेका थिए, “हेर संसारको पाप उठाइलाने परमेश्वरमा थुमा” (यूहन्ना १ : २९) त्यति मात्र होइन, जब खीष्ट येशू क्रूसमा चढ्नुभयो, उहाँ मारिन लगिएको थुमाजस्तै बनेर हाम्रा सबै पापहरू उठाउनु भयो । यदि हामीले खीष्ट मुक्ति दाता हुनुहुन्छ भनेर भन्छौं भने हामीले हाम्रो विश्वास उहाँमा राख्नुपर्छ । उहाँको रगत थुमाको रगत जस्तै हो । जस जसले उहाँमा विश्वास गर्दछ तिनीहरू सबै पापको दलदलदेखि बाँच्नेछन् ।

मलाई थाहा छ कि उहाँ मेरो निम्ति मर्नुभएको हो भनेर म उहाँलाई मलाई क्षमा गर्नुस् भने र मेरो हृदय भित्र आउनुहोस् भने भने अनि मात्र उहाँ मेरो मुक्तिदाता बन्नुहुनेछ मैले सबै बुझ्न नसकुँला तर मैले विश्वास गरे अनुसार म खीष्टको छोराछोरी बन्ने छु । म भन्दछु कि त्यसै समयमा मेरा सबै पापहरू पखालिनेछन् र म शुद्ध पारिने छु र अनन्त जीवनको भागिदार हुनेछु । यो खीष्टसँग सम्बन्ध राख्ने बित्तिकै हुनेछ र त्यसै समयमा मेरो निम्ति स्वर्ग उघारिने छ । तर तपाइँलाई थाहा छ, परमेश्वरले आफ्नो कराइ मसँग राख्नु भएको हुन्छ, त्यसैले परमेश्वरमात्र म सँग होइन कि म पनि उहाँसँग हुनेछु ।

म तपाइँलाई भन्दछु किन त्यसले प्रार्थनामा फरक ल्याउँदछ । कसैले प्रार्थना गर्छ भने प्रभुले त्यसको प्रार्थना सुन्नुहुन्छ, त्यो उहाँले चाहनुहुन्छ । उहाँले हाम्रो प्रार्थना सुन्नुहुन्छ तर जब हामी उहाँमा रहन्छौँ । त्यसैले म तपाइँले प्रश्न सोध्न चाहन्छु, तपाइँले कहिले उहाँसँग असल सम्बन्ध राख्नुभएको छ विचार गरौँ । तपाइँ कहिले खीष्टमा हुनुभयो ? के तपाइँले आफ्नो पाप स्वीकार्दै उहाँसँग क्षमा माग्नु भएको छ । जब तपाइँ प्रार्थना गर्नुहुन्छ के तपाइँ उहाँतिर फर्कनु भएको छ ?

**४. परमेश्वरको चरित्रतामा निर्धक्क हुनु -** दानिएल मात्र परमेश्वरको चरित्रमा निर्धक्क भएका होइन कि उनी प्रार्थनामा उत्तर दिनुहुन्छ भन्ने निर्धक्कता थियो “मैले मेरा पाप स्वीकार गर्दै परमप्रभु मेरा परमेश्वरलाई प्रार्थना गरे” (९ : ४) दानिएल खीष्टको विश्वास योग्यतामा पूर्णता थिए । जब उनको खानामा पनि राजासँग चुनौती दिँदै भने मेरो

परमेश्वरले मलाई पूर्ण आवश्यकता पूरा गरिदिनु हुनेछ। त्यसैले सबैलाई राजा नबुकदनेसरलाई दण्डवत गर्न ल्याइए। परमेश्वर उनको निम्ति विश्वासयोग्य हुनुभयो। राजा नबुकदनेसरको सपनालाई पनि अर्थ खोलिदिए। त्यहाँ कसैले पनि यसको अर्थ भन्न सकेका थिएनन्। सबै बुद्धिमानी मानिस सबै ठूला-ठूला मानिस त्यहाँ बोलाइएका थिए। तर दानिएलले प्रार्थना गरिरहेका थिए। परमेश्वरले उनलाई एउटा सपनाको उल्था गर्ने बुद्धि दिनु भयो। उनले ठूलो स्थान पाए किनकि प्रभुको विश्वासयोग्यताको कारण उनी त्यो स्थानमा पुगेका थिए।

दानिएल ६ अध्यायमा हेर्‍यौं भने हामीले त्यहाँ पाउँदछौ कि दारा राजालाई सहायता गर्न अध्यक्ष नियुक्त गरिएको थियो। ती अध्यक्षहरूमध्ये एक दानिएल पनि थिए। दानिएलजस्तै विश्वास योग्य अरू पनि खोजेका थिए तर कोही पनि पाउन सकेनन्। तर अरू भारदारलाई दानिएलले दिनमा तीनपटक प्रार्थना गरेको मन नपरेको कारण र राजाको आराधना नगरेको कारण दानिएल उनीहरूको आँखाको तारो बने। त्यसपछि उनलाई सिंहको खोरमा फालिदिने निर्णय गरे त्यसपछि फेरि पनि तिमी राजालाई दण्डवत् गर्दछौं कि खोरमा फालिदिऊँ भन्दा मेरो परमेश्वरको बाहेक अरू कसैलाई दण्डवत नगर्नु भन्दा उनी सिंहको खोरमा फालिए। भोलिपल्ट बिहान राजा दानिएललाई सिंहले सिध्याए होला भनेर हेर्न डराई डराई आए भने, "जब उनी सिंहको खोरको नजिक आइपुगे, उनले दानिएललाई वेदनापूर्ण स्वरमा बोलाए, ए दानिएल जीवित परमेश्वरका सेवक के तिमीले निरन्तर सेवा गरेका तिम्रा परमेश्वरले तिमीलाई सिंहहरूबाट बचाउनुभएको छ ?" (दानिएल ६ : २०) र दानिएलले भने, "महाराजा अमर रहुन्, मेरा परमेश्वरले आफ्ना स्वर्गदूत पठाउनु भयो र उहाँ सिंहहरूको मुख थुनिदिनु भयो। तिनीहरूले मलाई कुनै चोट पुर्‍याएका छैनन् किनभने उहाँको दृष्टिमा म निर्दोष भेटाइए। महाराज हजुरको सामु पनि मैले कुनै गल्ति गरेको छैन।" (पद २१-२२) परमेश्वर विश्वासयोग्य हुनुहुन्छ भन्ने दानिएलले सम्पूर्ण राजा महाराजा भारदार सबै अगाडि उदाहरण भएर देखाए। त्यसैले राजाले एउटा उर्दी बनाए दानिएलसँग विश्वासयोग्य बन्ने परमेश्वर मसँग पनि विश्वासयोग्य हुनु हुनेछ र हामी सम्पूर्णसँग हुनु हुनेछ। उहाँ अमेरिकनसँग नेपालीसँग सम्पूर्ण उहाँका सृष्टिसँग उहाँ विश्वासयोग्य हुनुहुन्छ जो आफूतिर फर्केको छ र प्रार्थना गरेको छ त्यसले आशिष पाउने छ।

दानिएलसँग परमेश्वरको धार्मिकताको बारेमा निर्धक्क थिए। "प्रभु तपाइँ धर्मी हुनुहुन्छ..."

(दानिएल ९ : ७) उनले यस्तो भने होलान् कि तपाइले नवुकदनेसरलाई पठाउनु भएर ठिक गर्नुभयो जसले गर्दा बेबिलोनका मानिसहरूले पनि परमेश्वरको बारेमा सुन्ने मौका पाए। हामीले जे गर्नुहुन्छ असल गर्नुहुन्छ भन्दा हुन्छ किनकि उहाँले कहिल्यै खराब गर्नुहुँदैन। जब हामीले पुत्रलाई क्रूसमा हेर्दछौं। परमेश्वरको धार्मिकतालाई देख्दछौं। उहाँले केही पाप गर्नु भएन तर त्यहाँ पापीको न्याय भएको थियो। तर दानिएल परमेश्वरको असलतामा निर्धक्क थिए। उनले भन्दछन् "हामी उहाँको विरुद्धमा बागि भएका छौं यद्यपि परमप्रभु हाम्रा परमेश्वर कृपालु र क्षमाशील हुनुहुन्छ।" (पद ९) हामीले क्रूसलाई हेर्न सक्छौं कि जब पिताले सम्पूर्ण पाप ख्रीष्टमा खन्याइदिनु भयो। ख्रीष्टले सम्पूर्ण पाप बोकेर क्रूसमा टाँगिनुभयो। येशूले सम्पूर्ण पाप लिएर, न्यायमा मर्नु भयो, उहाँको मृत्यूले हामीलाई स्वतन्त्र बनाएको छ। के तपाइँले धार्मिकता र परमेश्वरको न्यायलाई देख्नुभएको छ ? के तपाइँले उहाँको असलता र कृपालाई देख्नुभएको छ ? उहाँले हाम्रा सबै पाप र अधर्मले हामीलाई दुःख दिएको हुन्छ। ती सबै हामीले छोड्नुपर्छ र उपवाससहित उहाँमा प्रार्थना गर्नुपर्छ उहाँले हाम्रो आवाजलाई सुन्नु हुनेछ। अहिले पनि उहाँले यो काम गर्नुहुन्छ। अहिले पनि परमेश्वरले योएल २ : १२-१४ सम्म भनेका कुरालाई दोहोराउँदै भन्नुहुन्छ। तिमीहरूले तिम्रा बाहिरी लुगा होइन, भित्र हृदय फटाएर उपवास बसेर परमेश्वरसँग माग उहाँले तिमीलाई प्रशस्त दिनुहुन्छ कि हुन्न विचार गरेर हेर पिता असल हुनुहुन्छ र उहाँ सधैं असल हुनुहुनेछ।

दानिएल परमेश्वरको महानताको निम्ति निर्धक्क थिए। उनी भन्दछन्, "अब हे परमप्रभु हाम्रा परमेश्वर जसले आफ्ना जनहरूलाई शक्तिशाली हातले मिश्रबाट ल्याउनुभयो र आजको दिनसम्म आफ्नो नाम स्थिर राख्नुभएको छ, हामीले पाप गरेका छौं, हामीले गल्ती गरेका छौं।" (दानिएल ९ : १५) यदि

तपाइँले आफ्ना मानिसलाई फारोको बन्धनबाट छुटकारा भएको चाहनुहुन्छ भने तपाइँले यो घरिघरि गर्नुहोस् । उहाँले यहूदालाई परिवर्तन गर्नेले तपाइँको राष्ट्रलाई पनि परिवर्तन गर्नुहुनेछ । उहाँले येरुशलेमको मन्दिर बनाउनेले तपाईंको जीवनमा भएको मन्दिरलाई पनि बनाउनु हुनेछ । परमेश्वरको शक्ति हिजो थियो, आज पनि त्यस्तै नै छ जसरी येरुशलेमलाई नयाँ बनाउनु भयो, आफ्ना मानिसलाई फर्काएर ल्याउनु भयो । त्यसरी नै उहाँले आज पनि आफ्नो काम गर्नु हुनेछ । उहाँले हाम्रो विश्वासको जगअनुसार आशिष दिनुहुन्छ । त्यही परमेश्वर जसले संसार सृष्टि गर्नुभयो र नोआलाई आशिष दिनुभयो । मोशाको दिनमा हुनुभयो । दाउदसँग रहनुभयो र दानिएललाई सहायता गर्नुभयो । प्रभु येशू खीष्टलाई मृत्युबाट बौरि उठ्न सहायता गर्नुभयो । त्यही परमेश्वर आज हाम्रो साथमा हुनुहुन्छ । उहाँको शक्ति बिना केही पनि सम्भव छैन । उहाँ सर्वशक्तिमान् हुनुहुन्छ ।

जब दानिएलले प्रार्थना गर्थे, त्यो समयमा उनलाई खीष्टसँगको सम्बन्धको बारेमा पूर्णरूपमा थाहा थियो । के तपाइँलाई त्यसरी विश्वाससँग खीष्टको सम्बन्धको बारेमा निर्धक्क हुनुहुन्छ । के तपाइँको प्रार्थनामा उहाँको चरित्रलाई देख्नुभएको छ ? दानिएलले आफ्नो प्रार्थनामा पवित्र धर्मशास्त्रलाई राम्रोसँग बुझेका थिए र प्रयोगमा ल्याए । यदि तपाइँले उहाँको आवाजलाई सुन्न चाहनुहुन्छ भने बाइबल पढ्नुहोस् । दानिएललाई म कोसँग बोल्दैछु भन्ने पूर्ण विश्वास थियो । त्यसैले नै होला दानिएललाई मानिसको बीचमा पूर्णरूपले स्वीकार योग्य बनाउनुभयो । उनले आफ्ना मानिसहरूको पापलाई पनि स्वीकार गरे ।

**पापको पश्चाताप-** के तपाइँले दानिएलले पापको पश्चाताप गर्दा बहुवचन प्रयोग गरेको देख्नु भयो ? उनले हाम्रो पाप र हाम्रो लाज भनेका छन् । जब तपाइँले दानिएलको पुस्तकलाई राम्ररी पढ्नुभयो भने थाहा पाउनु हुनेछ कि सबै ठाउँमा राम्रोसँग पापको पश्चाताप गरेका छन् । धेरै मानिसले उनको जीवनमा पापको दोष लगाउने खोजे तर पाएनन् । सबैमा तिनीहरूले दानिएलले दिनमा तीनपटक प्रार्थना गरेको मात्र पाए । तर दानिएलले आफ्नो राष्ट्रको निम्ति पापको पश्चाताप गरेका थिए र प्रार्थनाको अन्तमा उनले यसो भने, "जसै म बोल्दै र प्रार्थना गर्दै, मेरो आफ्नै पाप र मेरो इस्राएली जातिका पाप स्वीकार गर्दै र उहाँको पवित्र डाँडाको लागि परमप्रभु मेरा परमेश्वरसँग बिन्ति गर्दै थिए ।" (पद २०)

तपाइँले आफ्ना पाप अन्तिम पटक कहिले पश्चाताप गर्नुभयो ? म आफैले थाहा गरें कि म आफ्ना पापको निम्ति अति नै न्याययोग्य लाग्यो । धेरै वर्ष अगाडि, १० दिनको जागृति सम्मेलनमा वचन तयार गर्नु थियो, पहिलो दिन केही पनि भएन । भोलिपल्ट बिहान उठेर प्रभुसँग म प्रार्थना गरे । आजको वचनले मानिसहरूमा केही परिवर्तन ल्याउनुहोस् तर केही पनि भएन । त्यसपछि मलाई केही चिन्ता लाग्यो तर मैले निर्णय गरे कि मैले वचन बोल्दिन । म तपाइँलाई केही भन्न चाहन्छु मानिसको बीचमा पश्चाताप भएन भने कुनै किसिमको परिवर्तन हुँदैन । अर्को दिन बिहान म प्रभुसँग पश्चातापसहित प्रार्थना गरे र भने प्रभु आज म होइन, मबाट भएर तपाइँ यी मानिसहरूको बीचमा बोल्नुहोस् । म तयार भएर मण्डलीमा गए र म वचन बोल्न सुरु गरे । धेरै मानिसहरूले पश्चताप गरे र परमेश्वरलाई हृदयदेखि स्वीकार गरी पापबाट मुक्त भए र उनीहरूको विश्वास पवित्र धर्मशास्त्रमा लेखिएको जस्तै गरी जीवन परिवर्तन भयो । यसले मेरो जीवनलाई पनि पूर्णरूपमा परिवर्तनमा ल्यायो । मैले अर्कै जीवन पाएजस्तै अनुभव गरे । ३० वर्ष मैले सेवकाइ गर्दै आएको थिए । तर यस्तो अचम्मको परिवर्तन कहिल्यै अनुभव गर्न पाइन र मैले प्रचार गरेका मानिसहरूमा पनि यस्तो प्रकारको पश्चाताप देखिन । जब मानिसले हृदयदेखि पश्चाताप गर्छ र आफ्ना पापहरूबाट फर्किन्छ परमेश्वरले उनीहरूको बीचमा अचम्मको काम गर्नुहुन्छ, जो मानिसले कहिल्यै पनि सोचेको हुँदैन ।

प्रिय मित्रहरू म तपाइँहरूलाई यही उत्साह दिन चाहन्छु कि यदि तपाइँले तपाइँको जीवन र मण्डलीमा परिवर्तन भएको देख्न चाहानुहुन्छ भने पश्चातापसहितको प्रार्थना गर्नुहोस् । जसरी दानिएलले आफ्नो जीवनमा साथै पूरै राष्ट्रमा नै परिवर्तन ल्याएका थिए ।

**व्यक्तिगत पापको पश्चाताप-** म विश्वास गर्दछु कि कति मानिसहरूले जीवनमा मैले पापै गरेको छैन भन्छन् तर म भन्दछु कि परमेश्वरले मेरो जीवनमा पाप देखाइदिनुहोस् । तलका बुँदाहरूले पनि हाम्रो पाप देखाउन सहायता गर्छ

(i) **धन्यवादी नभएको -** परमेश्वरले

दिनुभएको आशिषप्रति धन्यवादी हुन नसक्नु पनि पाप हो । त्यसको निम्ति पश्चाताप गर्नुपर्छ । (ii) **बाइबल नपढ्नु-** दिनदिनै बाइबल नपढी अगाडि बढ्नु र प्रार्थना नगरे पनि पश्चाताप गर्नुपर्छ । (iii) **विश्वास नगर्नु-** परमेश्वरले दिन्छु भनेर प्रतिज्ञा गरेको कुरामा विश्वास नगर्नु र उहाँले दिनुहुन्न कि भनेर शङ्का गर्नु पनि पाप हो । यसको निम्ति पनि पश्चाताप गर्नुपर्छ । (iv) **प्रार्थना नगर्नु -** विश्वासमा अडिग भएर प्रार्थना गर्न नसक्नु र उहाँले आफ्नो विश्वासयोग्यता हामीमा खनाउनुहुन्छ भनेर निर्धक्क नहुनु पनि पाप हो । यसको निम्ति पनि पश्चाताप गर्नुपर्छ । (v) **घमण्ड-** म अरूभन्दा असल छु भन्नु र कसैले मलाई गल्ती देखाउँदा स्विकार्न नसक्नु पनि पाप हो । यसको निम्ति पनि पश्चाताप गर्नुपर्छ । (vi) **इर्ष्या-** मभन्दा अरूको राम्रो भएको र उच्च ओहदामा भएको मन नपराउनु पनि पाप हो । यसको निम्ति पनि पश्चाताप गर्नुपर्छ । अरूलाई सधैं निच बनाउनु पनि पाप हो । यसको निम्ति पनि पश्चाताप गर्नुपर्छ, जसको झुटो गवाही दिनु पनि पाप हो, देखावटी गर्नु पनि पाप हो, छिटो रिसाउनु र रिसको प्रतिक्रिया देखाउनु पनि पाप हो, नराम्रो व्यवहार गर्नु पनि पाप हो, आफूले प्रभुसँग क्षमा माग्नु तर आफ्नो भाइलाई क्षमा दिन नसक्नु पनि पाप हो । यी सबैको निम्ति पनि हामीले पश्चाताप गर्नुपर्छ ।

अरू धेरै यस्तै प्रकारका पापहरू ( जस्तै व्यभिचार, अनैतिकता आदि) छन् । अब हामी व्यक्तिगत प्रार्थनाको बारेमा केही कुरा गरौं । माथिका बुँदाहरूमा पश्चाताप गर्‍यौं भने हामीले गरेको प्रार्थना परमेश्वरले सुन्नुहुन्छ । दस वर्षसम्मको सेवकाइमा जसरी परमेश्वरले मलाई एक दिन पश्चातापी जीवन दिनुभयो र मेरो जीवनबाट परमेश्वरको काम भएको मैले थाहा गरे । मलाई आशा छ, परमेश्वरले यसरी नै मेरो जीवनबाट आफ्नो महिमा लिइरहनु हुनेछ र मलाई आफ्नो नजिक्तामा राख्नु हुनेछ ।

**राष्ट्रको पापको निम्ति पश्चाताप-** एक चोटि आफ्नो पाप स्वीकार गरेपछि हाम्रो राष्ट्रको पापको निम्ति पनि पश्चाताप गर्नुपर्छ । पहिला आफ्नो पाप स्वीकार गर्ने बितिकै राष्ट्रको पाप के छ भन्ने कुरा देख्न सकिन्छ र पश्चाताप गर्न सकिन्छ । हामी क्रूसको फेदीमा पाप स्वीकार गर्न सक्छौं । हामी पश्चातापद्वारा बचाइएका छौँ । परमेश्वरको प्रशंसा होस् कि हामीलाई परमेश्वरले अरू पापीहरूको निम्ति सुसमाचार दिन र नचाउन पठाउनु भएको छ । तर हामीले यो इमान्दारी भएर गरेका छैनौं । राष्ट्रको पापको लागि अब हामी पश्चाताप गरौं । तल राष्ट्रले गर्ने पाप र त्यसको पश्चाताप गर्ने तरिकाहरू प्रस्तुत गरिएका छन् - 'देशले सत्य र सृष्टिकता परमेश्वर जसले हामीलाई बनाउनुभयो उहाँलाई इन्कार गरेको कारण पश्चाताप गरौं ।

- राष्ट्रले परमेश्वरको डर नमानेको कारण उनीहरूमा साँचो ज्ञान र बुद्धिको अभाव छ । त्यसको निम्ति पश्चाताप गरौं ।
- देशले सांसारिक हातहतियारमा भर परेर परमेश्वरको शक्तिलाई इन्कार गरेको भएर पश्चाताप गर्नुपर्छ ।
- देशले विभिन्न देवीदेवताहरू जो मानिसका हातद्वारा बनाइएका छन् तिनीहरूमा भर परेका कारण पश्चाताप गरौं ।
- हाम्रो देशले संसारका थोकहरू देख्दा तिनै थोकहरूप्रति धन्यवादी बनेका छन् तर परमेश्वरलाई इन्कार गरेका कारण पश्चाताप गरौँ ।
- हाम्रो देशका मानिसहरूले आफ्नो र आफ्नो परिवारको लागि मात्र (स्वार्थी भावना) सोचेका छन् । त्यसको निम्ति पश्चाताप गरौँ ।
- कामवासनाको लतमा फसेका, पैसाको लतमा फसेका, मोज मस्तीको लतमा फसेका, अश्लिल कामको लतमा फसेका, आधुनिक प्रविधिको लतमा फसेका, लागुपदार्थको लतमा फसेका, रक्सीको लतमा फसेका, खाना लतमा फसेका, धेरै मानिसहरू हाम्रो देशमा छन् । उनीहरूको लागि पश्चाताप गरौं ।
- परमेश्वरको अनुग्रह हामी माथि रहेको होस् । म तपाइँहरूलाई अनुरोध गर्दछु कि तपाइँको प्रार्थना देशलाई परिवर्तन गर्ने र पश्चातापी प्रकारको होस् जसरी दानिएलले आफ्नो राष्ट्रको निम्ति ठूलो परिवर्तन ल्याएका थिए ।

यस्तै प्रकारले राष्ट्र र सरकारको निम्ति, व्यवस्था २८ : १-१४ को अनुसार हामी एकसाथ प्रार्थना गरौं ।

"प्रभावकारी प्रार्थना गर्नको निम्ति दानिएल ९ : १-२३ सम्म राम्रोसँग बाइबलबाट अध्ययन गरौं ।"

"अहासूरसका छोरा दाराको प्रथम वर्षमा, जो यदी वंशका थिए र बेबिलोनी राज्यका शासक तुल्याइएका थिए। उनका राज्यकालको प्रथम वर्षमा म, दानिएलले, यर्मिया अगमवक्तालाई दिइएको परमप्रभुको वचन अनुसार, धर्म-शास्त्रबाट बुझेँ कि यरुशलेमको उजाड अवस्था सत्तरी वर्षसम्म रहनेछ। यसकारण म उपवाससाथ भाङ्ग्रा ओढेर खरानी धसी प्रार्थना र अन्तर्बिन्ती गर्दै परमप्रभु परमेश्वरतिर फर्के। मैले पाप स्वीकार गर्दै परमप्रभु मेरा परमेश्वरलाई प्रार्थना गरे।

"हे परमप्रभु, महान् र भययोग्य परमेश्वर जसले उहाँलाई प्रेभ गर्ने र उहाँका आज्ञापालन गर्ने सबैसँग प्रेमको करार पूरा गर्नुहुन्छ। हामीले पाप गरेका छौँ र गल्ती गरेका छौँ। हामी दुष्ट भएका छौँ र बागी बनेका छौँ, हामी तपाइँका आज्ञा र धार्मिक नियमहरूबाट तर्केका छौँ। हामीले तपाइँका सेवक अगमवक्ताहरूका कुरामा ध्यान दिएनौँ, जसले तपाइँको नाउँमा हाम्रा राज्यहरू, हाम्रा प्रधानहरू र हाम्रा पिता-पुर्खाहरू र देशका सबै मानिसहरूसँग बोलेका थिए।

परमप्रभु तपाइँ धर्मी हुनुहुन्छ। तर तपाइँ प्राप्ति भएको विश्वासघातको कारणले सबै देशहरूमा छरपष्ट पारिएका नजिक र टाढा बस्ने, हामी यहूदाका मानिसहरू र यशरुशलेम र इस्राएलका जनताहरू लाजले ढाकिएका छौँ। हे परमप्रभु, हामी र हाम्रा राजाहरू हाम्रा प्रधानहरू र हाम्रा पिता-पुर्खाहरू लाजले ढाकिएका छौँ। किनभने तपाइँको विरुद्धमा हामीले पाप गरेका छौँ। हामी उहाँको विरुद्धमा बागी भएका छौँ यद्यपि परमप्रभु हाम्रा परमेश्वर कृपालु र क्षमाशील हुनुहुन्छ। हामीले परमप्रभु हाम्रा परमेश्वरका आज्ञा पालन गरेका छैनौँ र उहाँका सेवक अगमवक्ताहरूद्वारा दिइएका नियमहरू पनि मानेका छैनौँ। तपाइँको आज्ञापालन गर्न अस्वीकार गरी सम्पूर्ण इस्राएलले तपाइँको व्यवस्था भङ्ग गरेका छन् र तपाइँदेखि टाढा भएका छन्।

"यसकारण परमेश्वरका सेवक मोशाको व्यवस्थामा उल्लिखित सराप र शपथ गरिएका फैसलाहरू हामी माथि खन्याइएका छन्। किनभने तपाइँको विरुद्धमा हामीले पाप गरेका छौँ। हामी माथि ठूलो विपत्ति ल्याएर हाम्रा विरुद्धमा र हाम्रा शासकहरूका विरुद्धमा बोल्नुभएका वचनहरू तपाइँले पूरा गर्नुभएको छ। यरुशलेमसित आकाशमुनि कहिल्यै नगरिएको व्यवहार गरिएको छ। मोशाको व्यवस्थामा लेखिएजस्तै यी सबै विपत्ति हामीमाथि आएका छन्, तैपनि आफ्ना पापदेखि फर्की तपाइँको सत्यतालाई ध्यान दिएर हामीले परमप्रभु हाम्रा परमेश्वरको कृपा खोजेका छैनौँ। हामी माथि विपत्ति ल्याउन परमप्रभु अनकनाउनु भएन, किनभने परमप्रभु हाम्रा परमेश्वर उहाँले गर्नुहुने सबै कुरामा धर्मी हुनुहुन्छ। तापनि हामीले उहाँको आज्ञा मानेका छैनौँ।

"अब हे परमप्रभु हाम्रा परमेश्वर, जसले आफ्ना जनहरूलाई शक्तिशाली हातले मिश्रदेशबाट ल्याउनुभयो र आजको दिनसम्म आफ्नो नाम स्थिर राख्नुभएको छ, हामीले पाप गरेका छौं, हामीले गल्ती गरेका छौँ। हे परमप्रभु, तपाइँका धार्मिक कार्य अनुरूप तपाइँको सहर, तपाइँको पवित्र डाँडा यरुशलेमबाट आफ्नो क्रोध र रिस हटाउनुहोस्। हाम्रा पाप र हाम्रा पिता-पुर्खाका अपराधले गर्दा यरुशलेम र तपाइँका मानिसहरू हाम्रा वरिपरिका मानिसहरूका सामु जिल्लाका पात्र बनेका छन्। "अब के हाम्रा परमेश्वर, आफ्नो दासको प्रार्थना र अन्तर्बिन्ती सुन्नुहोस्। हे परमप्रभु, तपाइँको आफ्नै खातिर आफ्नो उजाड पारिएको पवित्रस्थानमाथि कृपा-दृष्टि राखिदिनुहोस्।

हे परमेश्वर, आफ्नो कान थाप्नुहोस् र आँखा खोल्नुहोस् र तपाइँको नाउँ बोकेको सहरको उजाड अवस्था हेर्नुहोस्। हामी धर्मी छौँ भनेर यो बिन्ती गरेका छैनौँ तर तपाइँको महान् कृपाको कारणले। हे परमप्रभु, सुन्नुहोस्! हे परमप्रभु, क्षमा गर्नुहोस्! हे परमप्रभु, सुन्नुहोस् र कारबाही गर्नुहोस्। हे मेरा परमेश्वर, आफ्नो खातिर ढिलो नगर्नुहोस्, किनभने तपाइँको सहर र तपाइँका मानिसहरूले तपाइँको नाउँ बोकेका छन्।"

जस्तै म बोल्दै र प्रार्थना गर्दै मेरो आफ्नै पाप र मेरा इस्राएली जातिको पाप स्वीकार गर्दै र उहाँको पवित्र डाँडाको लागि परमप्रभु मेरा परमेश्वरसँग बिन्ति गर्दै थिएँ- जस्तै म प्रार्थनामा नै थिएँ, पहिलेको दर्शनमा मैले देखेका मानिस, ग्राब्रिएल, साँझका बलिदानको समयमा वेगसँग उडेर मकहाँ आए। उनले मलाई आदेश दिए र भने, "हे दानिएल, अहिले म तिमीलाई अन्तर्ज्ञान र समझ दिन आएको छु। तिमीले प्रार्थना गर्न थाल्ने बित्तिकै प्रार्थनाको उत्तर दिइयो, जुन चाहिँ तिमीलाई बताउन म आएको छु- किनकि तिमी अति सम्मानित छौँ। त्यसकारण सन्देशलाई विचार गर र दर्शन बुझ।"

# BOOKPOST

## पत्र पाउनेको ठेगाना (TO)

**नाम** (Name) :

**ठेगाना** (Address) :

## हाम्रो ठेगाना (Our Address):


जी.पी.ओ. बक्स ८९७५, ई.पी.सी. : ५६००, काठमाडौँ, नेपाल

प्रकाशक : गोस्पल रिभाइभल आई.एन.सी.

सल्लाहकार : ऋच कारमाइकल

कम्प्युटर सेटिङ : एक्सट्रा प्रिन्ट आउट, डिल्लीबजार, ९८१८६०५६८२

सह–सम्पादक : श्रीमती शान्ति पौडेल

सम्पादक : नवराज पन्त

**G.P.O. Box: 8975, EPC: 5600, Kathmandu, Nepal**

**E-mail: nepalherald@yahoo.com**

**Phone No:- 2090221, 4382442**

**Published by: Gospel Revival Inc. (all rights reserved)**

**Counselor: Rich Carmicheal**

**Computer Setting: Xtra Print Out, Dillibazar, # 9818605682**

**Co- Editor: Shanti Poudel**

**Editor: Nava Raj Panta**

**website: www.nepalherald.blogspot.com**